# आकाशवाणी समाचार- नेपाली

मितिः ०५ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

## प्रमुख समाचार

1. केन्द्रीय गृहमन्त्री अमित शाह फरवरीको तेस्रो हप्तामा दुई दिने पश्चिम बंगाल भ्रमणमा आउनु हुने अपेक्षा गरिएको छ।

2. पश्चिम बंगालका राज्यपाल सी.भी. आनन्द बोसले देवल रोयलाई राज्य लोक सेवा आयोगको नयाँ अध्यक्ष नियुक्त गर्नुभएको छ।

3. भारतीय जनता पार्टी पश्चिम बंगालका अध्यक्ष तथा राज्यसभा सांसद शमिक भट्टाचार्यले आरोप लागाउनु भएको छ, पश्चिम बंगालका जनताले मुख्यमन्त्री ममता ब्यानर्जीको राजनीतिक चरित्र र ढोंगी व्यवहारलाई पूर्ण रूपमा चिनेका छन्।

4. निर्वाचन आयोगले नवन्नाको अपील अस्वीकार गर्दै २५ वरिष्ठ राज्य अधिकारीहरूलाई विशेष निर्वाचन सम्बन्धी तालिममा अनिवार्य रूपमा उपस्थित हुन निर्देशन दिएको छ।

5. राष्ट्रिय राजमार्ग 110 भएर गाडीहरु छोडेपछि यस क्षेत्रका दोकान पाटहरुले निकै नोक्सानी झेल्नु परिरहेको छ।

## गृहमन्त्री अमित शाह दुई दिने बंगाल भ्रमण

यस वर्षको विधानसभा चुनावअघि फरवरीको तेस्रो हप्तामा केन्द्रीय गृहमन्त्री अमित शाह दुई दिने पश्चिम बंगाल भ्रमणमा आउनु हुने अपेक्षा गरिएको छ। भारतीय जनता पार्टीको राज्य कार्यकारिणी समितिका एक सदस्यले गृहमन्त्री १७ फरवरीको रात वा १८ फरवरीको बिहान कोलकाता आइपुग्ने र १९ फरवरीमा दिल्ली फर्कने अपेक्षा गरिएको बताउनु भएको छ। यद्यपि, यो भ्रमण जनवरीको अन्त्यमा भएको उहाँको अघिल्लो बंगाल भ्रमणभन्दा फरक हुनेछ। यस पटक, उहाँको ध्यान संगठनात्मक र प्रशासनिक बैठकहरूमा केन्द्रित हुने सम्भावना छ। राज्य भाजपा समितिका एक सदस्यले यो सम्भावित भ्रमण पश्चिम बंगाल उच्च माध्यमिक शिक्षा परिषद्द्वारा आयोजित उच्च माध्यमिक परीक्षासँग मेल खाने बताउनु भएको छ। त्यसैले, गृहमन्त्रीले यस पटक कुनै पनि सार्वजनिक र्‍यालीलाई सम्बोधन गर्ने छैनन्।

स्रोतका अनुसार, यस भ्रमणको क्रममा अमित शाहले पार्टीको संगठनात्मक गतिविधिहरूको समीक्षा गर्नु हुनेछ र सांसद र विधायकहरूसहित शीर्ष नेताहरूको भूमिका निर्धारण गर्नेछन्। गृहमन्त्रीले यस दिशामा सांसद र विधायकहरूलाई स्पष्ट जिम्मेवारी तोक्न सक्ने विश्वास गरिन्छ। यसका साथै राज्यको २९४ विधानसभा सिटहरूको लागि उम्मेदवार छनोटको मापदण्डको बारेमा पनि प्रारम्भिक छलफल हुने अपेक्षा गरिएको छ।

## देवल रोय राज्य लोक सेवा आयोगको नयाँ अध्यक्ष नियुक्त

पश्चिम बंगालका राज्यपाल सी.भी. आनन्द बोसले हिजो देवल रोयलाई राज्य लोक सेवा आयोगको नयाँ अध्यक्ष नियुक्त गर्नुभएको छ। यो जानकारी राजभवनले जारी गरेको आधिकारिक विज्ञप्तिमा दिइएको छ। विज्ञप्ति अनुसार, देबाशिष ब्यानर्जी, दिगन्त बागची र बर्नाली मुखर्जीलाई आयोगको सदस्यमा नियुक्त गरिएको छ। यी नियुक्तिहरू संविधानको धारा ३१६ (१) अन्तर्गत गरिएको हो। राज्य लोक सेवा आयोग राज्यमा निजामती सेवा र अन्य सरकारी पदहरूको लागि परीक्षा सञ्चालन र भर्ती प्रक्रिया सञ्चालन गर्ने जिम्मेवारी राख्छ।

## शमिक भट्टाचार्य

भारतीय जनता पार्टी पश्चिम बंगालका अध्यक्ष तथा राज्यसभा सांसद शमिक भट्टाचार्यले आरोप लागाउनु भएको छ, पश्चिम बंगालका जनताले मुख्यमन्त्री ममता ब्यानर्जीको राजनीतिक चरित्र र ढोंगी व्यवहारलाई पूर्ण रूपमा चिनेका छन्। अब, दिल्लीले पनि त्यही सत्य देखेको छ। कहिले जाडो मौसममा पर्यटन स्थलहरूको बारेमा छलफल गर्ने, कहिले दिल्ली र कहिले देश-विदेशमा उनको भ्रमण - यी सबै प्रयासहरू जनताको ध्यान मोड्नका लागि गरिएका छन्।

उहाँले स्पष्ट रूपमा भन्नु भयो, ममता ब्यानर्जी मंगल ग्रहमा जानुहोस् वा अन्टार्कटिकामा, मतदाता विशेष गहन संसोधन एसआइआर सञ्चालन गरिनेछ। पश्चिम बंगालका जनताबाट स्पष्ट सन्देश छ: एसआइआर छैन, भोट छैन।
श्री शमिक भट्टाचार्यले भन्नु भयो, राज्यका जनताले निर्णय गरिसकेका छन् कि एसआइआर प्रक्रिया रोक्ने षड्यन्त्र होस् वा केन्द्रीय अनुसन्धान एजेन्सीहरूको वैध काममा बाधा पुर्‍याउने, तृणमूल कांग्रेसको हार अब निश्चित छ। उहाँले भन्नु भयो, आज देशभरका १२ राज्यहरूमा एसआइआर प्रक्रिया चलिरहेको छ, तर कतै पनि विरोध वा अव्यवस्था छैन। पश्चिम बंगालमा मात्र यति धेरै हंगामा हुनुको कारण स्पष्ट छ: सत्य बाहिर आउने डर छ।

उहाँले स्पष्ट पर्नु भयो, 4 अगस्ट २००५ मा ममता ब्यानर्जी आफैंले मतदाता सूची शुद्धीकरणको माग गर्दै यो अवैध बंगलादेशी प्रवेशकर्ताहरूले भरिएको बताएकी थिइन्। आज, उही ममता ब्यानर्जी दिल्लीमा एसआइआर विरुद्ध विरोध प्रदर्शन गरिरहेकी छिन्। उहाँले यसलाई स्पष्ट राजनीतिक दोहोरोपन र अवसरवादको स्पष्ट उदाहरण बताउनु भएको छ।

## २५ अधिकारीहरूलाई विशेष निर्वाचन तालिममा उपस्थित हुन निर्देशन

पश्चिम बंगाल सरकारलाई ठूलो झटका दिँदै, निर्वाचन आयोगले नवन्नाको अपील अस्वीकार गरेको छ र २५ वरिष्ठ राज्य अधिकारीहरूलाई विशेष निर्वाचन सम्बन्धी तालिममा अनिवार्य रूपमा उपस्थित हुन निर्देशन दिएको छ। यस सूचीमा पश्चिम बंगालका गृह सचिव जगदीश प्रसाद मीनासहित १५ आईएएस र १० आईपीएस अधिकारीहरू समावेश छन्। राज्यको मुख्य निर्वाचन अधिकारीको कार्यालयका स्रोतहरूका अनुसार, यी अधिकारीहरूलाई तालिका अनुसार ब्रीफिंग बैठकहरूमा उपस्थित हुन निर्देशन दिइएको छ। केन्द्रीय पर्यवेक्षकहरूका लागि यी बैठकहरू ५ र ६ फरवरीमा दिल्लीमा आयोजना हुनेछन्। निर्वाचन आयोगले स्पष्ट पारेको छ कि उनीहरूलाई चुनावी जिम्मेवारीबाट मुक्त गर्ने राज्य सरकारको आवेदन अस्वीकार गरिएको छ। बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन एसआइआर प्रक्रिया सुरु भएदेखि नै राज्य सरकार र निर्वाचन आयोगबीच टकराव जारी छ। आगामी विधानसभा चुनावलाई ध्यानमा राख्दै पश्चिम बंगालका २५ वरिष्ठ अधिकारीहरूलाई पश्चिम बंगाल, आसाम, केरला, तमिलनाडु र पुडुचेरीमा केन्द्रीय पर्यवेक्षकको रूपमा छनोट गरिएको छ। राज्य सरकारले तर्क गरेको छ, चुनाव अघि यी शीर्ष प्रशासनिक र पुलिस अधिकारीहरूलाई बाहिर पठाउँदा राज्यको कानून व्यवस्था र प्रशासनिक कार्यहरूमा प्रतिकूल असर पर्न सक्छ। यसै आधारमा, राज्यले २५ अधिकारीहरू मध्ये १७ जनालाई यो जिम्मेवारीबाट मुक्त गर्न अनुरोध गरेको थियो। यद्यपि, निर्वाचन आयोगले राज्य सरकारको तर्क स्वीकार गरेन र सबै मनोनित अधिकारीहरूलाई चुनावी तालिम लिन र केन्द्रीय पर्यवेक्षकहरूको कर्तव्यहरू पूरा गर्न निर्देशन जारी गर्‍यो। यो निर्णयपछि राज्य र आयोगबीच जारी द्वन्द्व अझ तीव्र हुने सम्भावना देखिएको छ।

## स्वास्थ्य सेवा प्रणाली फेरि एक पटक जाँचको घेरामा

पश्चिम बंगालको स्वास्थ्य सेवा प्रणाली फेरि एक पटक जाँचको घेरामा परेको छ। चम्पदानीको गैरहाटीस्थित ईएसआई अस्पतालमा भएको घटनाले सरकारी अस्पतालहरूको दयनीय अवस्था उजागर गरेको छ। हिजो अस्पताल परिसरमा बिरामीको ओछ्यानमा कुकुर सुतिरहेको देखियो, जबकि कुनै पनि सहयोगी, नर्स वा डाक्टर उपस्थित थिएनन्। यो दृश्यले बिरामीहरू र उनीहरूका परिवारहरूमा आक्रोश फैलाएको छ। मानिसहरूले अस्पतालमा आधारभूत निगरानी र सुरक्षा प्रणाली पूर्ण रूपमा ध्वस्त भएको आरोप लगाएका छन्, जसले गर्दा बिरामीहरूको जीवन जोखिममा परेको छ। राज्य भाजपा नेता किशन सावले घटनालाई लिएर अस्पताल व्यवस्थापनमाथि कडा आक्रमण गर्नु भएको छ। उहाँले भन्नु भयो, घटनाले राज्यको स्वास्थ्य सेवा प्रणालीलाई उजागर गर्दछ। श्री किशन सावले अस्पतालको दयनीय अवस्थाको लागि जिम्मेवार अधिकारी र कर्मचारीहरू विरुद्ध कडा कारबाहीको माग गर्नु भयो।

स्थानीय बासिन्दाहरूले यो पहिलो घटना नभएको बताएका छन्। गोरहाटी ईएसआई अस्पतालमा विगतमा कर्मचारी अभाव, सरसफाइको कमी र बिरामीहरूको बेवास्ताको गुनासो आएको थियो।

**भाजपा र तृणमूल आमने-सामने र आरोप-प्रत्यारोप**

चुनाउपूर्व पश्चिम मेदिनीपुर जिल्लाको केशपुरमा फेरि एक पटक राजनीतिक तनाउ देख्न पाइएको छ। भारतीय जनता पार्टीले तृणमूल कंग्रेसमाथि आफ्ना कार्यकर्ताहरूमाथि हमला गरेको आरोप लगाएको छ। भाजपा नेताहरू अनुसार यस कथित हमलामा 12 जना कार्यकर्ताहरू घाइते भएका छन्। भाजपाको दाबी छ, गए मंगलवार केशपुरमा पार्टी कार्यकर्ताहरूमाथि योजनाबद्ध ढंगमा हमला गरियो घटनाको विरोधमा मंगलवार राती नै भाजपा कार्यकर्ताहरूले पश्चिम मेदिनीपुर जिल्लाका पुलिस अधीक्षक कार्यालय सामु धरना प्रदर्शन गरी दोषीहरूलाई तत्काल पक्राउ गर्ने माग गरे। यता तृणमूल कंग्रेसले आरोपलाई पूर्ण रूपले अस्वीकार गरेको छ। हिजो बिहान जिल्ला परिषद सदस्य एवं तृणमूल नेता मोहम्मद रफिकले भन्नु भयो, गए मंगलवार क्षेत्रमा भाजपा कार्यकर्ताहरूले पिकनिक मनाइरहेका थिए। मातेको कारणले आपस्तमा विवाद हुँदा कुटपिट जस्तो घटना भयो जसको तृणमूलसित कुनै सम्बन्ध छैन। जिल्ला पुलिसका एकजना वरिष्ठ अधिकारीले भन्नु भयो, गए मंगलवार रातीसम्म यस सम्बन्धमा कुनै लिखित सिकायत दर्ता गरिएको थिएन। हिजो भाजपा कार्यकर्ताहरूले आरोप लगाए, पुलिसलाई घटनाको जानकारी दिइए पनि उनीहरूलाई धम्काइयो। भाजपाको भनाइ छ, बारम्बार सिकायत गरे पनि पुलिसले कुनै ठोस कारबाही गरेन जसबाट प्रशासनको भूमिकामाथि प्रश्न उठिरहेको छ। घटनाको कारणले क्षेत्रमा तनाउ व्याप्त भएको छ साथै राजनीतिक आरोप-प्रत्यारको सिलसिला जारी छ।

**ट्रोय रेलबाट अचानक धुवाँ**

सिलगडीबाट दार्जिलिङ जाँदै गरेको ट्रोय रेलबाट अचानक धुवाँ निस्किएपछि यात्री र पर्यटकहरू आतंकित भए। आगलागीको डरले ट्रोय रेल सेवा अस्थायी रूपमा निलम्बन गरिएको थियो। रिपोर्टका अनुसार, ट्रोय रेल हिजो आफ्नो निर्धारित समयमा एनजेपी स्टेशनबाट दार्जिलिङको लागि प्रस्थान गरेको थियो। सिलगडी टाउन स्टेशन पुग्नु अघि, रेलको एउटा कोचबाट धुवाँ निस्किरहेको देखियो, जसले गर्दा यात्रीहरूमा त्रास फैलियो। परिस्थितिको गम्भीरतालाई ध्यानमा राख्दै, रेललाई तुरुन्तै रोकियो र सबै यात्री र पर्यटकहरूलाई सुरक्षित रूपमा बाहिर निकालियो। जानकारी पाउने बित्तिकै रेलवे कर्मचारीहरू घटनास्थलमा पुगे र थप सुरक्षा व्यवस्था मिलाइएको थियो।

प्रारम्भिक अनुसन्धानले धुवाँ यात्रुले धूम्रपान गरेको कारणले भएको हुन सक्ने देखाएको छ। घटनापछि रेलवे अधिकारीहरूले कोचको गहन निरीक्षण गरे। स्थिति सामान्य भएपछि, ट्रोय रेल दार्जिलिङको लागि प्रस्थान गर्यो।

**रोहिणी रोड र राष्ट्रिय राजमार्ग 110**

रोहिणी रोड खोलिएपछि राष्ट्रिय राजमार्ग 110 अन्तर्गत पर्ने स्थानहरु गिद्ध पहाड, महानदी, घैयाबारी र तीनधारे क्षेत्रहरु सुनसान बनेको छ भने यस क्षेत्रका दोकान पाटहरुले निकै नोक्सानी झेल्नु परिरहेको छ। सबै सवारी साधनहरू रोहिणी रोड भएर कुद्न थालेपछि राष्ट्रिय राजमार्ग 110 अन्तर्गत पर्ने स्थानहरुका दोकान पाट र होटल व्यवसाय ठप्प भएको छ। राष्ट्रिय राजमार्ग 110 भएर तिन महिना गाडीहरु कुदेको बेला यस क्षेत्रहरूमा धेरैले नयाँ नयाँ व्यवसायहरु शुरु गरेका थिए।

****** ० ******